*[गुठीका सदस्य-सचिव श्री कुन्दमणि दीक्षितबाट धन्यवाद ज्ञापन]*

**आदरणीय अध्यक्षज्यू, आजका सम्मानित 'ब्यौलाहरू', टङ्क सुब्बाज्यू र उपस्थित विद्वान्-विदुषीहरू,**

धन्यवाद ज्ञापन गर्ने काम सदस्य-सचिवको जिम्मा लगाइआएको छ गुठीले। ठूलै काम हो यो। त्यसैले सर्वप्रथम गुठीलाई नै धन्यवाद भन्छु ।

पहिलेपहिले रातो बङ्गला स्कूलका अधिकारी वर्गलाई स्थान उपलब्ध गराइदिएकोमा भनेर सबभन्दा पछिबाट धन्यवाद दिने गरिन्थ्यो । म पनि त्यही गर्थें। तर यस वर्ष सबभन्दा पहिलेबाटै त्यो धन्यवाद भन्नुपर्ने देख्छु– यस्तो भव्य 'अडिटोरियम' हामीलाई उपलब्ध गराएकोमा। यो नयाँ सभा-स्थलले हाम्रो समारोहको गरिमा नै बढाएको छ। रातो बङ्गला स्कूल-परिवार, तपाईंहरूलाई धेरै धन्यवाद छ ।

आदरणीय डा. तीर्थबहादुर श्रेष्ठज्यू, हिमालका नाताले तपाईं र हाम्रो सम्बन्ध निकै पहिलेदेखि रहँदै आएको हो। तर तपाईंलाई यस रूपमा दूबो र जरीको माला लगाएर बसेको देख्न पाइएला भन्ने कल्पना पनि गरिएको थिएन। साँच्चि नै ब्यौला जस्तो देखिनुभएको छ तपाईं आज। हाम्रो सम्मान स्वीकार गर्नुभएकोमा धन्यवाद !

आदरणीय महेशविक्रम शाहज्यू, वाइवर्षे द्वन्द्वको सजीव र संवेदना-युक्त चित्र जन-समुदायमा पस्केर तपाईंले नेपाली जनतालाई युद्धको निरर्थकतातिर सचेत गराउनुभएको छ। त्यसबाट तपाईंले नेपालीको ठूलो माया-ममता आर्जन गर्नुभएको छ। यति गहकिलो कितापलाई सम्मान गर्न हामीलाई सघाउनुभएकोमा तपाईंलाई धन्यवाद छ ।

टङ्क सुब्बाज्यू, मेघालयदेखि दुई दिनको यात्रा तय गरी यस समारोहको शोभा बढाइदिन पाल्नुभएकोमा हामी कृतज्ञ छौं। तपाईंको सारगर्भित विद्वद्-प्रवचनले नेपाल र भारतका नेपाली-नेपालीबीच केकस्तो सम्बन्ध छ। त्यो कस्तो हुनुपर्दछ भन्ने बोध गराएको छ। यति मीठोसँग त्यस्ता कुरा सम्झाइदिनुभएकोमा तपाईंलाई (हामीले कुइन्टल भन्न राम्ररी सिकेका छैनौं) मुरीमुरी धन्यवाद छ !

सभाको सुरुमा देखाइएको दृश्य-सामग्रीका सङ्कलन र संयोजनमा सहयोग गर्ने मपुपुको राजीब सिंह र मिकु दीक्षितलाई पनि धन्यवाद !

बडादसैंको तयारी गर्नलाई पाइएको पहिलो शनिबारको छुट्टीको दिनलाई माया मारी यहाँ उपस्थित भैदिनुभएकोमा सबै अतिथिवृन्दमा धन्यवाद अर्पण गर्दछु। त्यसमा पनि यसरी यत्रो सङ्ख्या उपस्थित भैदिएर तपाईंहरूले हामीलाई गौरवान्वित पारिदिनुभएको छ । हामी कृतज्ञ छौं । धन्यवाद !

सज्जन तथा महिलागण, गुठीका कर्मठ कार्यकर्ताहरू तथा जगदम्बा प्रेसका कर्मचारीहरूले मिलेर तपाईंहरूका लागि केही व्यञ्जन तयार पारेका छन्। सामान्यै परिकार भए पनि तल गएर तिनको रसास्वादन गरिदिनुहोला भन्ने अनुरोध गर्दछु ।

पुनः धन्यवाद !